नमुना माध्यमिक विद्यालयमा छनौट
(प्राविधिक तथा व्यावसायिक धार अन्तर्गत कम्प्युटर विज्ञान सञ्चालित)

# कंकाली माध्यमिक विद्यालय
# KANKALI SECONDARY SCHOOL

चन्द्रागिरि नगरपालिका-१३, नैकाप, काठमाडौं
Chandragiri Municipality-13, Naikap, Kathmandu
Estd: 2039

प.सं.:
च.नं.: १२९

श्री चन्द्रागिरि नगरपालिका,
नगर शिक्षा कार्यालय,
बलम्बु, काठमाडौं ।

मिति : २०७६/०४/२१

## विषय : प्रतियोगिता सञ्चालन बारे ।

प्रस्तुत विषयमा यस नमुना विद्यालय विकास गुरु योजना अन्तर्गतको शैक्षिक पक्षमा समावेश भएको च.न.पा. क्षेत्रभित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालयका शिक्षक तथा विद्यार्थीहरुका लागि तपसिल वमोजिमको कार्यक्रम सञ्चालन गर्न रकम विनियोजन भएको हुँदा उक्त कार्यक्रममा विद्यालयहरुको सक्रिय सहभागिताका लागि आवश्यक सहयोग गरिदिनु हुनका लागि हार्दिक अनुरोध गर्दछु ।

<u>कार्यक्रमहरु</u>

१) **लोक नृत्य प्रतियोगिता** : कम्तीमा ४ बढीमा ८-९ जना विद्यार्थी सहभागी हुनुपर्ने, संस्थागत तथा सामुदायिक दुबैतर्फ छुट्टाछुट्टै प्रतियोगिता हुने (मा.वि.तह ९-१२ कक्षाबाट मात्र)

१.१ लोकनृत्य प्रतियोगिता मिति २०७६/०५/०८ गते आइतवार, कंकाली मा.वि. प्राङ्गणमा हुनेछ ।

२) **कविता प्रतियोगिता** : एक विद्यालय १ विद्यार्थी (कक्षा ८ देखि कक्षा १२ सम्मका विद्यार्थी मात्र) र एक विद्यालय १ शिक्षक मा.वि. तथा आधारभुत तहका शिक्षकका लागि

२.१ कविता प्रतियोगिता २०७६/०५/०६ गते शुक्रवार कंकाली मा.वि. मा हुनेछ ।

३) **हाजिरी जवाफ प्रतियोगिता** : कक्षा ८ - १० का लागि ३ जनाको १ टिम हुनेछ (संस्थागत तथा सामुदायिक दुवैतर्फ)

३.१ हाजिरीजवाफ प्रतियोगिता २०७६/०५/०७ गते शनिबार कंकाली मा.वि.मा हुनेछ ।

विष्णु प्रसाद पनेरु
प्रधानाध्यापक

Ph: 9851159700, P.O. Box No.: 8244, E-mail:kankaliss@yahoo.com

Scanned with CamScanner

# लोक नृत्य प्रतियोगिता सम्बन्धी नियमहरु तथा अन्य जानकारी :

१. नृत्यमा विशुद्ध मौलिकता हुनुपर्ने छ , नृत्यले कुनै भाषा, धर्म ,संस्कृति माथि व्यंङ्य गरेको हुनुहुने छैन ।

२. नृत्यमा भाग लिने सहभागी विद्यालयले दिनको १०:३० बजे नै आयोजक विद्यालयमा उपस्थित हुनुपर्नेछ ।

४. नृत्य प्रतियेगिता सामुदायिक र संस्थागत विद्यालयको छुट्टा छुट्टै हुने छ । जसमा सामुदायिकबाट प्रथम, द्बितीय, तृतीय र सान्त्वना छनौट गरीने छ भने संस्थागत विद्यालयबाट पनि सोहि अनुरुप विजेताहरु घोषणा गरिने छ ।

५. एक विद्यालय एक नृत्य (जसमा कक्षा ८-१२ सम्मका विद्यार्थी मात्र) सहभागी हुन पाउँनेछन् । टिममा कम्तीमा ४ बढीमा ८ देखि ९ जना सम्मको समुह हुनुपर्ने छ ।

६. नृत्य अधिकतम ७ मिनेट सम्मको मात्र हुनुपर्नेछ । तर कुनै प्रतियोगिले झाँकी सहित नृत्य प्रस्तुत गर्न चाहेमा सोका लागि १५ मिनेट समय प्रदान गरिने छ । यस्ता झाँकी सहितको नृत्यलाइ प्रोत्साहन गरीने छ ।

७. टिम दर्ता गर्दा विद्यार्थीको परिचय खुल्ने गरी विद्यालयको लेटर प्याडमा नियम संगत गर्नुपर्नेछ । यदि अन्यथा हुन गएमा सो को जिम्मेवारी सम्वन्धित विद्यालयले नै लिनुपर्नेछ ।

८. प्रतियोगिले आफुलाई चाहिने पोषाक, गरगहना, गितको बोल तथा पेनड्राइभ लगायत आवस्यक सामाग्री आफैले ल्याउनुपर्नेछ ।

९. प्रतियोगि विद्यार्थीलाई आयोजक विद्यालय सम्म ल्याउने पुऱ्याउने जिम्मेवारी सम्वन्धित विद्यालयकै हुनेछ ।

१०.नृत्य प्रदर्शनको क्रमलाई गोलाप्रथाद्वारा निर्धारण गरिनेछ । .

११. निर्णायक मण्डलको निर्णय नै अन्तिम हुने छ ।

Scanned with CamScanner

**कार्यक्रम स्थल :** श्री कंकाली माध्यामिक विद्यालयको प्राङगण च.न.पा-१३, नैकाप, काठमाडौं ।

**कार्यक्रम हुने मिति :** २०७६/०५/०८ गते आइतबार विहान ११:३० बजेदेखि

**दर्ता मिति :** २०७६/०५/०६ गते शुक्रबार ४ बजेसम्म गरिसक्नुपर्ने छ ।

**उपस्थित हुने समय :** प्रतियोगि विद्यार्थी र प्रतिनिधि शिक्षक प्रतियोगिता सुरु हुनुभन्दा १ घण्टा अगावै उपस्थिति जनाई आयोजक समितिलाई सम्पर्क गर्नुपर्ने छ ।

**प्रतियोगिताको प्रमाण- पत्र तथा पुरस्कार सम्बन्धी :**

१) प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना स्थान हासिल गर्ने टोलीहरुलाई तपसिल बमोजिम नगद पुरस्कार सहित प्रमाण - पत्र प्रदान गरिनेछ ।

| क्र.स. | स्थान | नगद पुरस्कार | कैफियत |
|---|---|---|---|
| १. | प्रथम | विद्यालयलाई ट्रफी र प्रतियोगि विद्यार्थीलाइ पदक तथा प्रमाणपत्र | |
| २. | द्वितीय | विद्यालयलाई ट्रफी र प्रतियोगि विद्यार्थीलाइ पदक तथा प्रमाणपत्र | |
| ३. | तृतीय | विद्यालयलाई ट्रफी र प्रतियोगि विद्यार्थीलाइ पदक तथा प्रमाणपत्र | |
| ४. | सान्त्वना | प्रतियोगिलाई प्रमाणपत्र | |

**पुनश्च :** प्रतियोगितामा सहभागी हुने विद्यालय, प्रतिस्पर्धी विद्यार्थी तथा नृत्य प्रशिक्षकलाई प्रमाण - पत्र प्रदान गरिनेछ ।

**सम्पर्कका लागि :** ९८५११५९७००

विष्णु प्रसाद पनेरु

प्रधानाध्यापक

Scanned with CamScanner

# चन्द्रागिरि नगरस्तरिय अन्तर माध्यामिक विद्यालय हाजिरीजवाफ प्रतियोगिता २०७६

मिति २०७६/०५/६ र ७ गते यस विद्यालयले आयोजना गर्न लागिरहेको चन्द्रागिरि नगर स्तरिय अन्तर माध्यामिक विद्यालय हाजिरीजवाफ प्रतियोगिताको लागि तपसिलका नियमहरु तर्जुमा गरिएको छ ।

**नियमहरु :**

१. कक्षा ८ - १० मा अध्ययनरत विद्यार्थीहरु मात्र सहभागी हुन पाउनेछन् ।

२. प्रतियोगिताको लागि जम्मा ३ जना विद्यार्थी ( कम्तीमा १ जना छात्रा सहित ) को समुह हुनुपर्नेछ ।

३. प्रत्येक सहभागीको नामावली, अध्ययनरत कक्षा , पासपोर्ट साइजको फोटो वा विद्यालयको परिचय पत्रको प्र.अ.द्धारा प्रमाणित प्रतिलिपि नामावलीसँगै गराउनु पर्नेछ । समुह नेता सम्बन्धित विद्यालयबाटै तोकेर पठाउनु पर्नेछ ।

४. एक विद्यालयको कम्तिमा १ जना शिक्षक प्रतिनिधि अनिवार्य रहनुपर्नेछ ।

५. सहभागी विद्यार्थीहरु आफ्नो विद्यालयको पोषाकमा उपस्थित हुनुपर्नेछ ।

६. **समयः-** सहभागी विद्यार्थीहरु र प्रतिनिधि शिक्षकले प्रतियोगिता आयोजना हुने दिनमा प्रतियोगिता शुरु हुनुभन्दा १ घण्टा अगावै उपस्थिति जनाई आयोजक समितिलाई सम्पर्क गर्नुपर्नेछ ।

**७. प्रतियोगिता प्रश्नोत्तर तथा चरण सम्बन्धी जानकारी :**

क) प्रतियोगितामा तपसिल बमोजिमको विधा, प्रश्न संख्या, समय र अंकभार रहनेछ । सबैजसो शिर्षकहरुमा लगभग ५०% प्रश्न कक्षा १ देखि १० को पाठ्यपुस्तकबाट र बाँकि ५०% प्रश्न पाठ्यक्रम वा अन्य क्षेत्रबाट समावेश हुनेछन् ।

ख) कुनै पनि प्रश्नोत्तरको अन्तिम निर्णय प्रतियोगिता आयोजक समितिमा निहित रहनेछ । शुरुको खेलमा जम्मा ६० प्रश्नहरु निम्न विधाहरुका समावेश हुनेछन् ।

| क्र.स | विधा | प्रश्न संख्या | अंकभार | कैफियत |
|---|---|---|---|---|
| १. | नेपाल तथा विश्वको भुगोल | १० | | कुनै पनि समुहले आफुले रोजेको प्रश्नको जवाफ ३० सेकेन्ड भित्र दिनुपर्ने र सो प्रश्नको सहि जवाफ दिएमा अंक २ र अन्य समुहबाट पास भई आएको प्रश्नको जवाफ २० सेकेन्ड भित्र दिनुपर्ने र सो प्रश्नको जवाफ दिएमा अंक १ प्राप्त गर्नेछन् । |
| २. | नेपाल तथा विश्वको इतिहास र राजनैतिक घटनाक्रम | १० | | |
| ३. | विज्ञान र प्रविधि | २० | | |
| ४. | खेलकुद | ५ | | |
| ५. | समसामयिक विषयवस्तु | ५ | | |
| ६. | गणित तथा आइ.क्यु. | १० | | |

( केहि श्रव्य दृष्य प्रश्नहरु तथा वहुवैकल्पिक प्रश्नहरु पनि हुन सक्नेछन् । )

Scanned with CamScanner

ग) प्रतियोगितामा सहभागी हुन आउने जम्मा विद्यालय समुहहरुको संख्या अनुसार गोलाप्रथा गरेर विद्यालयहरुलाई विभिन्न ३ समुहमा विभाजन गरिनेछ ।

घ) प्रतियोगिताको प्रथम चरणमा प्रत्येक ३ वटै समुहका सहभागी टोलीहरु समुहभित्रका अन्य सहभागी टोलीहरुसँग प्रतिशपर्धा गराइनेछ। यसरी सो प्रतिस्पर्धाबाट प्रत्येक समुहबाट प्रथम, द्धितीय र तृतीय हुने टोलीहरु प्रतियोगिताको दोस्रो चरणमा प्रवेश गराइनेछ ।

ङ) प्रतियोगिताको दोस्रो चरणमा ३ वटै समुहवाट प्रतियोगिताको दोस्रो चरणको लागि छनौट भएका सबै टोलीहरुबीच प्रतिस्पर्धा गराइनेछ। यसरी सो प्रतिस्पर्धावाट प्रथम, द्धितीय, तृतीय, चौथो, पाँचौ र छैटौ टोलीलाई प्रतियोगिताको अन्तिम चरणमा प्रवेश गराइनेछ ।

च) प्रतियोगिताको अन्तिम चरणमा प्रतियोगिताको दोस्रो चरणवाट छनौट भएका ६ वटा टोलीहरु विच प्रतिस्पर्धा गराइनेछ। यसरी सो प्रतिस्पर्धावाट प्रथम, द्धितीय, तृतीय र सान्त्वना स्थान प्राप्त गर्नै टोलीहरुलाई प्रतियोगिताको नतिजाको रुपमा घोषणा गरिने छ।

छ) प्रत्येक प्रतियोगिताको शुरुमा र मध्यान्तरमा गोलाप्रथा गरी सोको क्रम बमोजिम विद्यालयहरुलाई बसाइनेछ ।

**८) प्रतियोगिताको प्रमाण-पत्र तथा पुरस्कार सम्बन्धी :**

क) प्रतियोगितामा प्रथम, द्धितीय, तृतीय र सान्त्वना स्थान हासिल गर्ने टोलीहरुलाई तपसिल बमोजिम नगद पुरस्कार सहित प्रमाण-पत्र र पदक समेत प्रदान गरिनेछ ।

| क्र.स. | स्थान | नगद पुरस्कार | कैफियत |
|---|---|---|---|
| १ | प्रथम | १५,०००।- | |
| २ | द्धितीय | ९,०००।- | |
| ३ | तृतीय | ६,०००।- | |
| ४ | सान्त्वना | ३,०००।- | |

ख) प्रतियोगितामा सहभागी हुने सम्पुर्ण विद्यालय, प्रतिस्पर्धी विद्यार्थी तथा शिक्षक प्रतिनिधिहरुलाई सहभागिताको प्रमाण-पत्र प्रदान गरिनेछ ।

**पुनश्च :** हाजिरजवाफ प्रतियोगिताको समुह निर्धारण (Tie sheet) गोलाप्रथाद्वारा गरिनेछ ।

विष्णु प्रसाद पनेरु
प्रधानाध्यापक

Scanned with CamScanner

## कविता प्रतियोगिता सम्बन्धि नियमहरु तथा अन्य जानकारी :

१. कविता गद्य, पद्य, र गीतिलय जुनसुकै पनि हुन सक्नेछ , तर विशुद्ध मौलिक हुनुपर्ने छ ।

२. कविता व्यक्ति, जाति, धर्म, लिङ्ग र सम्प्रदायमाथि आँच आउने तथा गाली गलौज वा लाञ्छना लगाउने किसिमको हुनु हुदैन ।

३. सहभागीले दिनको ११:३० देखि १२:३० बजेसम्म कविता लेखन गर्नेछन् र सोही दिन दिउँसो १:०० बजेदेखि कविता वाचन सुरु हुनेछ ।

४.कविता शीर्षकको सम्बन्धमा दिइएका तीन शीर्षकमध्ये कुनै एक शीर्षक गोलाप्रथाद्वारा निर्धारण गरिने छ।

५. एक विद्यालय एक विद्यार्थी (कक्षा ८- १२ सम्मका विद्यार्थी मात्र) सहभागी हुन पाउनेछन् ।

६. सहभागी विद्यार्थीहरु आफ्नो विद्यालय पोसाकमा उपस्थित हुनुपर्नेछ ।

७. निर्णायक मण्डलको निर्णय नै अन्तिम हुने छ ।

**कविताका शीर्षकहरु :**

- मेरो देश
- आमा
- मेरो जिम्मेवारी

**कार्यक्रम स्थल :** श्री कंकाली माध्यामिक विद्यालयको प्राङ्गण च.न.पा-१३, नैकाप, काठमाडौं ।

कार्यक्रम : २०७६/०५/०६ गते शुक्रबार, बिहान ११:००

**उपस्थित हुने समय :** सहभागी विद्यार्थी र प्रतिनिधि शिक्षक प्रतियोगिता सुरु हुनुभन्दा १ घण्टा अगावै उपस्थिति जनाई आयोजक समितिलाई सम्पर्क गर्नुपर्ने छ ।

**प्रतियोगिताको प्रमाण-पत्र तथा पुरस्कार सम्बन्धी :**

क)प्रतियोगितामा प्रथम, द्धितीय, तृतीय र सान्त्वना स्थान हासिल गर्ने टोलीहरुलाई तपसिल बमोजिम नगद पुरस्कार सहित प्रमाण-पत्र र प्रदान गरिनेछ ।

| क.स. | स्थान | नगद पुरस्कार | कैफियत |
|---|---|---|---|
| १ | प्रथम | १०,०००।- | |
| २ | द्धितीय | ७,५००।- | |
| ३ | तृतीय | ५,०००।- | |
| ४ | सान्त्वना | २,५००।- | |

पुनश्चः प्रतियोगितामा सहभागी हुने सम्पुर्ण विद्यालय, प्रतिस्पर्धी विद्यार्थी तथा शिक्षक प्रतिनिधिहरुलाई सहभागिताको प्रमाण-पत्र प्रदान गरिनेछ ।

फोन नं. : ९८५१२१३४८५

विष्णु प्रसाद पनेरु
प्रधानाध्यापक

Scanned with CamScanner